"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकबासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वालंखा,भोजपुर

१ नं.प्रदेश,नेपाल

प.सं.:-०७८/७९
सूचना नं.:- ३

मिति:-२०७९/०४/०५

**आमचोक गाउँपालिका मातहत सबै वडा कार्यालयहरु।**

**विषय :-** सामाजिक सुरक्षा भत्ता परिचयपत्र नबीकरण तथा लाभग्राही सूचिकरण सम्वन्धि अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयका सम्वन्धमा यस आमचोक गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमा यो सूचना सूचित गरिन्छ की, यस आ.व.२०७९/८० को लागि सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन),२०७६ को नियम (९) र कार्यविधि, २०७७ को नियम (४) अनुसार प्रत्येक आ.व.को कार्तिक मसान्त सम्म लाभग्राही वडा कार्यालयमा स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नबीकरण गराउनु पर्ने व्यवस्था रहेको छ। तर त्रैमासिक भत्ता पोष्टिङ्ग गर्नु पर्ने भएकाले भाद्र मसान्त सम्म ९० वर्ष भन्दा माथी र पूर्ण अपांग वा म्यान्डेट प्राप्तको हकमा इच्छाईएको व्यक्ति उपस्थिति हुन मिल्ने वाहेक सो अनुसार गर्न गराउन हुन सबै वडा कार्यालयलाई यो सूचना प्रकाशित गरिन्छ।

साथै नेपाल सरकारको आ.व. २०७९/८० को वजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएका नेपाली नागरिकहरुलाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भए अनुसार नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भए अनुसारको जन्म मितिका आधारमा साथै यदि नागरिकतामा मिति अस्पष्टता भए जि.प्र.का.बाट विवरण यकिन गरी नयाँ लाभग्राहीको नाम सूचिकरण गर्न हुन पनि अनुरोध छ।

**नबीकरण तथा नयाँ लाभग्राही सूचिकरणका लागि आवश्यक कागजातहरु:-**

१. सामाजिक सुरक्षा भत्ता प्राप्त सम्बन्धित लाभग्राहीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान-१
२. पासपोर्ट साईजको फोटो थान-२
३. अपांगको हकमा अपांग परिचयपत्र, विधवाको हकमा पतिको मृत्यु दर्ता प्र.पत्र, दलित वालवालिका र लोपोन्मुख वालवालीकाको हकमा जन्म दर्ता प्रमाणपत्र र सबैको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको कार्डहरुको प्रतिलिपि १/१ थान
४. ६८ वर्ष पुरा जेष्ठ नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान-१ र फोटो थान-२

सञ्जयराज तामाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

इमेल:ito.aamchowkmun@gmail.com, info@aamchowkmun.gov.np
Website: www.aamchowkmun.gov.np Facebook: facebook.com/ aamchowk.gaunpalika